निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

## प्रेस विज्ञप्ति

मिति : २०७६/९/२०

### राष्ट्रियसभा सदस्यको मनोनयनपत्र दर्ता सम्बन्धमा ।

काठमाडौं, पुस २० ।

संवत् २०७६ साल माघ ९ गते सम्पन्न हुन गइरहेको राष्ट्रियसभा सदस्य निर्वाचन सम्बन्धमा निर्वाचन आयोग, नेपालबाट स्वीकृत भएको कार्यतालिका अनुसार प्रदेश नं. १ को मोरङ जिल्लाको बिराटनगर, प्रदेश नं. २ को धनुषा जिल्लाको जनकपुर, प्रदेश नं ३ को ललितपुर जिल्लाको ललितपुर, गण्डकी प्रदेशको पोखरा, प्रदेश नं. ५ को दाङ जिल्लाको घोराही, कर्णाली प्रदेशको सुर्खेत जिल्लाको विरेन्द्रनगर र सुदूर पश्चिम प्रदेशको डोटी जिल्लाको सिलगढीमा निर्वाचन अधिकृतको कार्यालयमा राष्ट्रियसभा सदस्य निर्वाचनको लागि आज मिति २०७६ साल पुस २० गते (बिहान १० बजेदेखि ३ बजेसम्म) उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने र मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने कार्यक्रम सम्पन्न भएको छ ।

प्रदेश नं. १ बाट राष्ट्रियसभा सदस्य महिला समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का इन्दिरा देवी गौतम, नेपाली काँग्रेस पार्टीका मीना पुलामी मगर र समाजवादी पार्टीका कमला वडहीले, दलित समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का गोपी बहादुर सार्की आछामी, नेपाली काँग्रेस पार्टीका निर बहादुर विश्वकर्मा, र समाजवादी पार्टीका ज्ञान कुमार परियारले अन्य समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का देवेन्द्र दाहाल, नेपाली काँग्रेस पार्टीका राजेन्द्र कुमार घिमिरे र समाजवादी पार्टीका भरत राज दाहालले निर्वाचन अधिकृतको कार्यालय, मोरङमा मनोनयनपत्र दर्ता गराउनु भएको छ ।

प्रदेश नं. २ बाट राष्ट्रियसभा सदस्य महिला समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का तुलसा कुमारी दाहाल र नेपाली काँग्रेस पार्टीका नगिना यादवले, दलित समूहतर्फको रिक्त पदमा नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) का राधेश्याम पासवान र समाजवादी पार्टीका रामपृत पासवानले, अपाङ्गता भएको व्यक्ति वा अल्पसंख्यक समूहतर्फको रिक्त पदमा राष्ट्रिय जनता पार्टी नेपालका शेखर कुमार सिंह र नेपाली काँग्रेस पार्टीका भोला पञ्जियारले र अन्य समूहतर्फको रिक्त पदमा राष्ट्रिय जनता पार्टी नेपालका मृगेन्द्र कुमार सिंह यादव र समाजवादी पार्टीका अनिरुद्ध कुमार सिंहले मनोनयनपत्र दर्ता गराउनु भएको छ ।

प्रदेश नं ३ बाट राष्ट्रियसभा सदस्य महिला समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का गंगा कुमारी वेल्वासे, नेपाली काँग्रेस पार्टीका छली कुमारी शर्मा उपाध्याय र नेपाल मजदुर किसान पार्टीका गीता काफ्लेले, अन्य समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वेदु राम भुषाल, नेपाली काँग्रेस पार्टीका हरिशरण श्रेष्ठ र नेपाल मजदुर किसान पार्टीका कृष्ण बहादुर तामाङ्गले निर्वाचन अधिकृतको कार्यालय, ललितपुरमा मनोनयनपत्र दर्ता गराउनु भएको छ ।



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

गण्डकी प्रदेशको राष्ट्रियसभा सदस्य महिला समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का भगवती न्यौपाने र नेपाली काँग्रेस पार्टीका बिमला गौचनले, अन्य समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नारायण काजी श्रेष्ठ, राष्ट्रिय जनमोर्चा पार्टीका शंकर प्रसाद बराल र नेपाली काँग्रेस पार्टीका सूर्य प्रसाद रेग्मीले निर्वाचन अधिकृतको कार्यालय, पोखरामा मनोनयनपत्र दर्ता गराउनु भएको छ।

प्रदेश नं. ५ बाट राष्ट्रियसभा सदस्य महिला समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का बिमला घिमिरे र नेपाली काँग्रेस पार्टीका गिरिजा देवी न्यौपानेले, अपाङ्गता भएको व्यक्ति वा अल्पसंख्यक समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का जग प्रसाद शर्मा, नेपाली काँग्रेस पार्टीका मेराज अहमद हलवाई, समाजवादी पार्टीका सुनिल कुमार सिंघलले र अन्य समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का गोपाल भट्टराई, नेपाली काँग्रेस पार्टीका बाल कृष्ण पाण्डे, समाजवादी.पार्टीका कृष्ण प्रसाद अहिर र राष्ट्रिय जनमोर्चाका शिव प्रसाद पौडेलले निर्वाचन अधिकृतको कार्यालय, घोराहीमा मनोनयनपत्र दर्ता गराउनु भएको छ।

कर्णाली प्रदेशबाट राष्ट्रियसभा सदस्य महिला समूहतर्फको रिक्त पदमा .नेपाली काँग्रेस पार्टीका गणेश कुमारी बस्नेत र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सुमित्रा वि.सी.ले र अन्य समूहतर्फको रिक्त पदमा नेपाली काँग्रेस पार्टीका डिल्ली राम पाठक र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का माया प्रसाद शर्माले निर्वाचन अधिकृतको कार्यालय, सुर्खेतमा मनोनयनपत्र दर्ता गराउनु भएको छ।

सुदूर पश्चिम प्रदेशबाट राष्ट्रियसभा सदस्य महिला समूहतर्फको रिक्त पदमा नेपाली काँग्रेस पार्टीका तुलसी देवकोटा र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का शारदा देवी भट्टले र अन्य समूहतर्फको रिक्त पदमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का तारामान स्वांर र नेपाली काँग्रेस पार्टीका प्रताप सिंह ठगुन्नाले निर्वाचन अधिकृतको कार्यालय, डोटीमा मनोनयनपत्र दर्ता गराउनु भएको छ।

यसरी सातवटा प्रदेशमा महिला समूहतर्फ ७, दलित समूहतर्फ २, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समूहतर्फ २ र अन्य समूहतर्फ ७ गरी जम्मा १८ रिक्त पदका लागि महिला समूहतर्फ १६, दलित समूहतर्फ.५, अपाङ्गता भएको व्यक्ति वा अल्पसंख्यक समूहतर्फ ५ र अन्य समूहतर्फ १९ गरी कुल ४५ जनाले मनोनयनपत्र दर्ता गराउनु भएको छ।

सातैवटा प्रदेशका निर्वाचन अधिकृतको कार्यालयहरूमा राष्ट्रियसभा सदस्यको मनोनयनपत्र दर्ता गर्ने गराउने तथा दर्ता भएका उम्मेदवारहरूको सूची प्रकाशन गर्ने कार्यक्रम सम्पन्न भएको छ। मनोनयनपत्र दर्ता भएका उम्मेदवारहरूको विरोधमा उजुरी दिने कार्यक्रम सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा भोलि मिति २०७६।०९।२१ गते बिहान १० बजे देखि दिनको ४ बजेसम्म रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

०७६।९।२०

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np